# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, भदौ ३० गते २०४३ साल (संख्या २३

## भाग ३

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको सूचना

राष्ट्रिय यातायात व्यवस्था ऐन, २०२६ (संशोधन सहित) को दफा १ को उप-दफा (३)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐन राप्ती अञ्चलमा आजैको मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

३८४



३८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दोस्रो आयोजनाको पूरक ऋण सहयोग उपलब्ध गराउने सम्झौताम हस्ताक्षर गर्न एशियाली विकास बैंक, मनिलातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री हिर्तसिंह श्रेष्ठलाई मिति २०४३।५।१६ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको मुख्य सचिव

३८४



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।